नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# भैरहवा भन्सार कार्यालय
जिन्सी शाखा

## लिलाम विक्री सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिती :- २०८२।१२।०६ गते)

यस भैरहवाभन्सार कार्यालय, बेलहिमा मिति २०८२।०५।२३ र २४ गते जेन-जी आन्दोलनमा क्षति भएको, जलि नष्ट, पुन :प्रयोगमा आउन नसक्ने , अवशेष बाँकी भएको पत्रु जिन्सी सामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्म/ संस्था वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितीले ३ औ दिनको कार्यालय समय भित्र रा.वा. बैंकमा रहेको राजश्व खाता नं १०००१००२०००१०००० मा भैरहवा भन्सार कार्यालयको कोड नं ३०५०३४८०१ बाट राजश्व शिर्षक नं १४२२९ मा जम्मा गरेको सक्कलै भौचर बुझाँई (पछि फिर्ता नहुने गरी) यस कार्यालयको आर्थिक प्रशासन/लेखा शाखा बाट खरिद गरि ४ औ दिनको (२०८२/१२/९गते) दिनको १२:०० बजे भित्र तपशिल बमोजिमका मालवस्तुहरु निम्न शर्तहरुको अधिनमा रहि यस कार्यालयमा रितपुर्वक शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| बोलपत्र नं. | जिन्सी समानहरुको नाम | न्युनतम मूल्य रु | कैफियत |
|---|---|---|---|
| १ | जेन-जी आन्दोलनमा क्षति भएको, जलि नष्ट, पुन :प्रयोगमा आउन नसक्ने ,अवशेष बाँकी भएको पत्रु जिन्सी सामानहरु | ३०६५० | |

शर्तहरु

१. लिलाम विक्री गरिने जिन्सी सामानहरुको विस्तृत विवरण कार्यालय समयमा जिन्सी शाखामा सम्पर्क गरी बुझ्न/हेर्न सकिनेछ ।

२. बोलपत्र फारामका साथ आफुले कबोल गरेको कूल कबोल अंकको १०% ले हुन आउने रकम यस कार्यालयको नाममा रा.वा.बैंक शुख्खाबन्दरगाहामा रहेको क. २.९/३४९०१००१०२०९०००१ नम्वरको खातामा जम्मा गरि सो को प्रमाण संलग्न गरि यस कार्यालयबाट खरिद गरिएको बोलपत्र फारममा नै कबोल रकम अंक र अक्षरमा खुलाई पेश गर्नुपर्ने छ ।

३. बोलपत्र फाराम खरिदका लागी व्यक्ति भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा फर्मको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्र,मू.अ.करमा दर्ता भए सो प्रमाणपत्र र आ.व २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्दछ ।

४. बोलपत्रमा बोलपत्रदाता व्यक्ति वा फर्मले आफ्नो नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पूरा नाम, थर लेखि फर्मको आधिकारिक सहि छाप गरेको हुनु पर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट सङ्ग उल्लेख गर्नु पर्दछ। सच्चाईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ। कुनै पनि सर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

६. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै न्यूनतम मूल्य भन्दा घटि अंकको बोलपत्र स्विकृत हुने छैन। बोलपत्र स्विकृत भएपछि सो को सूचना पाएको मितीले ७ दिन भित्र कबोल गरेको पुरा रकम बुझाई जे जस्तो अस्थामा मालसामान छ सोही अवस्थामा मालसामान उठाई लैजानु पर्ने छ अन्यथा कानुन बमोजिम हुनेछ

७. तोकिएको समय(२०८२।१२।०८ गते)कार्यालय समय मा खरिद गरेका बोलपत्र मिति २०८२।१२।०९ गते दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता हुन आएका बोलपत्र फारमहरु सोही दिन दिउसो २:०० बजे बोलपत्र दाता र प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।

८. अन्य शर्तहरु सार्वजनिक खरिद ऐन एवं नियमावली र आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम हुनेछ ।

९. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयको जिन्सी शाखामा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।